# अप्सनमा कारोबार सुरु गर्नु पूर्व, थाहा पाउनुपर्ने कुरा ।

१. हालका लागि अप्सन ट्रेडर ANDROID मा मात्रै उपलब्ध गरिएको छ । अप्सन ट्रेडर डाउनलोड गर्नका लागि Google Play Store मा गई 'MEXN Option Trader' खोज्नुहोस र निःशुल्क संस्करण डाउनलोड गर्नुहोस् ।

२. अप्सन कारोबारीलाई ८ अंकको ग्राहक कोड (Unique Client Code) दिइन्छ । बैंक वा ई-सेवा खातामा रकम जम्मा गर्दा जहिले पनि "ग्राहक कोड - ग्राहकको नाम" को प्रयोग गर्नुहोस् । उदाहरणका लागि: ६४००१००१ - श्याम शाह ।

३. अप्सनमा कारोबार गर्नका लागि क्लियरिङ हाउस (CH) को सेग्रिगेट खातामा रकम जम्मा गर्नुहोस् । तपाईले ग्राहक दर्ता फारम (CRF) मा जुन "बैंक" वा "ई-सेवा" खाता उल्लेख गर्नुभएको छ, उहि बैंक वा ई-सेवामा मात्र रकम जम्मा गर्नुहोस् ।

४. कारोबार गर्नका लागि अप्सन कारोबारीले जहिले पनि CRF मा उल्लेखित बैंक खाता नं मात्र प्रयोग गर्नुपर्छ ।

५. अप्सन कारोबारीले प्रत्येक पटक रकम जम्मा गरे पश्चात् सोको जानकारी क्लियरिङ हाउसलाई आफ्नो ब्रोकर मार्फत् टेलिफोन गरी वा सिधै क्लियरिङ हाउसलाई आफ्नो Live Account अंतर्गत 'Accounts' मा रहेको 'New Deposit' ट्याब मार्फत् जानकारी दिनुहोस् ।

६. जम्मा गरिएको रकम Live Account मा प्रतिबिम्बित हुनका लागि प्रत्येक रकम जम्मा भएको जानकारी CH लाई दिनैपर्छ । तपाईले जम्मा गरेको रकम तपाईको Live Account मा सहि रुपमा र सहि समयमै प्रतिबिम्बित भएको छ वा छैन भनि यकिन गर्नु तपाईको जिम्मेवारी हो ।

७. अप्सन कारोबारका लागि खाता खोल्न न्युनतम रकम रु २०० आवश्यक पर्दछ र आंशिक रकम झिक्दा खातामा न्युनतम रु २०० राख्नु आवश्यक छ ।

८. अप्सन कारोबारीले रकम झिक्ने आदेश आफ्नो Live Account अंतर्गत 'Accounts' मा रहेको 'New Withdrawal' ट्याब मार्फत दिन सक्नुहुनेछ ।

९. प्रत्यक कारोबारमा कारोबार रकमको ५% + भ्याट कारोबार शुल्क लाग्नेछ । ग्राहकको कुल मुनाफाको १०% टी.डि.एस. (कारोवार शुल्क बाहेक) कट्टा गरिनेछ ।

१०. अप्सनमा कारोबार गर्न न्युनतम रु १०० र अधिक्तम रु ४००० लगानि गर्न सकिनेछ । अप्सन कारोबारीले न्युनतम लगानि रकम रु १०० बाट शुरु गरि ५० को गुणनमा रु १५०, २००, २५० देखि रु ४००० सम्म लगानी रकम टाईप गर्न वा छनोट गर्न सक्नुहुनेछ ।

११. खुला कारोबार (Open Order), छनोट गरिएको समय सिमाको समाप्ति भन्दा अघि बन्द गर्न मिल्नेछैन । त्यस कारण अप्सन कारोबारीले आदेश राख्नु पुर्व विचार पुऱ्याउनु पर्ने हुन्छ ।